प.सं. प्रशासन /०७०/०७१ मिति :– २०७०।९।३
च.नं.

**विषय : निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्थापन शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७० साल मंसिर महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७०।८।१९ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री टीकादत्त राई ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

श्री टीकादत्त राई – प्रमुख/का.अ. सि.न.पा.

**आमन्त्रीत**

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ – ब.ई. सि.न.पा.
श्री बिवेक कुमार खनाल – ब.अ. सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री – ब.अ. सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली – शाखा अधिकृत
श्री श्रीराम गुप्ता – अध्यक्ष, कर्मचारी एशोसिएशन

**निर्णय नं.१(एक)**

सिद्धार्थनगर नगरपालिकालाई २०७१ साल आषाढ मसान्त सम्ममा खुला दिशा मुक्त नगर बनाउनका लागि वडा वडाबाट शौचालय घरधुरी सर्वेक्षण प्राप्त प्रतिवेदन २०६९।०७० बमोजिम पक्की शौचालय हुने/ प्रयोग गर्ने नगरवासीहरुलाई सरसफाई परिचय पत्र वडा समिति मार्फत वितरण गर्ने निर्णय गरियो



**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. २(दुई)**

सरसफाई परिचय पत्र वितरण गर्दा प्रति सरसफाई कार्डको रु. २५।- का दरले लिने र सो रकम वडा समितिले वडामा ODF सम्बन्धी बैठक प्रचार प्रसार आदि कार्यमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ (तिन)**

खुला दिशा मुक्त कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न र तोकिएको समयमै सि.न.पा.लाई खुलादिशा मुक्त नगर घोषणा गर्नका लागि २०७० माघ मसान्त सम्म सबै नगरवासीहरुलाई चर्पि (शौचालय) निर्माण गर्न समय दिने र सो अवधि सम्ममा पनि शौचालय निर्माण नगर्ने नगरवासीले नगरपालिकाबाट प्राप्त गर्ने सबै सेवा सुविधा स्थगित गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ (चार)**

वडा वडामा गठित उपसमितिलाई आफ्नो वडामा शौचालय बनाउन नसक्ने निम्न/अति विपन्न वर्गको (क) (ख) (ग) बर्गिकरण गरी २०७० साल मंसिर मसान्त भित्र सि.न.पा.मा विवरण पठाउन पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५(पाँच)**

मिति २०७०।५।२० र २१ गते न.पा. को संयोजनमा भएको बजार अनुगमनको प्रतिवेदन माथी छलफल भयो । साथै बजार अनुगमन कार्यलाई निरन्तरता दिने समेत निर्णय गरियो ।

**निर्णय नं. ६(छ)**

सिद्धार्थनगर नगरपालिकाले मिति २०७०।७।२२ मा गैसस महासंघको सहजीकरणमा भएको सार्वजनिक सुनुवाईको प्रतिवेदन माथि छलफल भयो साथै सार्वजनिक सुनुवाईमा आएका सुझावहरुलाई नगरपालिका ले कार्यक्रममा समाविष्ट गरी कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ७(सात)**

नेपाल सरकार र एशियाली विकास बैंक (ADB) को अनुदान तथा ऋण सहयोगमा पटखौली गा.वि.स. वडा नं. ८ क मा अवस्थित सिद्धार्थनगर नगरपालिकाको आफ्नै जग्गा कि.नं. १६१८ क्षेत्रफल ६ - ० - ० (छ विगहा) मा अत्याधुनिक स्यानेटरी ल्याण्डफिल साईट निर्माण हुन गई रहेकोमा सो जग्गा सम्म जानको लागि वैकल्पिक प्रवेश मार्गको अति आवश्यक भएको हुँदा जग्गा प्राप्ति ऐन २०३४ मा व्यवस्था भए अनुसार करिब ० - १२ - ० (बाह्र कट्ठा) जग्गा खरीदको लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत जगेडा कोषबाट रकम माग गर्ने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**मिति २०७०।८।२१ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १(एक)**

सिद्धार्थनगर नगरपालिकाको आगामी बर्ष २०७१/०७२ को पूर्व योजना तर्जुमा गोष्ठी मिति २०७०।९।१ गते दिनको १.०० बजे सि.न.पा. कार्यालयमा आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(दुई)**

आ.ब. २०७१/०७२ को सहभागीता मूलक नगर विकास योजना तर्जुमाका लागी देहाय अनुसार वडा भेला सञ्चालन गर्ने निर्णय गरियो ।

**वडा भेला कार्यक्रम**

| क्र.सं. | मिति | वार्डहरु |
|---|---|---|
| १ | २०७०।९।४ | १,२,३ र ४ |
| २. | २०७०।९।५ | ५,६,७ र ८ |
| ३. | २०७०।९।७ | ९,१०,११,१२ र १३ |

**निर्णय नं. ३(तिन)**

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को परिच्छेद ३ को दफा १६ बमोजिम नगरपालिका स्तरिय एकिकृत योजना तर्जुमा समिति गठन गर्न राजनीतिक दल र सम्बन्धित संस्थाहरुबाट प्रतिनिधीको नामावली माग गर्ने निर्णय गरियो ।

**नगरपालिका एकिकृत योजना तर्जुमा समिति**

| क्र.सं. | विवरण | पद |
|---|---|---|
| १. | नगरपालिकाको प्रमुख | संयोजक |
| २. | सामुदायिक संस्थाको महिला प्रतिनिधी एकजना | सदस्य |
| ३. | गैर सरकारी संस्थाको प्रतिनिधी एकजना | सदस्य |
| ४. | दलित संस्थाको प्रतिनिधी | सदस्य |
| ५. | नगर क्षेत्रमा रहेका महिला संस्थाहरुको प्रतिनिधी दुईजना | सदस्य |
| ६. | बाल क्लबहरुको बाल प्रतिनिधी एकजना | सदस्य |
| ७ | आदिवासी जनजातीको प्रतिनिधी एकजना | सदस्य |
| ८. | पिछडा वर्गको प्रतिनिधी एकजना | सदस्य |
| ९. | उद्योग बाणिज्य संघको प्रतिनिधी एकजना | सदस्य |
| १०. | ज्येष्ठ नागरिक मध्येबाट एकजना | सदस्य |
| ११. | वडा नागरिक मन्चहरुबाट महिला प्रतिनिधी एकजना | सदस्य |
| १२. | नगरिक सचेतना केन्द्र महिला प्रतिनिधी एकजना | सदस्य |
| १३. | अपाङ्गता भएका व्यक्तिबाट प्रतिनिधी एकजना | सदस्य |
| १४. | क्रियाशिल राजनीतिक दलबाट तोकि पठाएको एकजना प्रतिनिधी | सदस्य |



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०९९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np